# घाँटु नचरी र ओहोरा

खेम बहादुर थापा
सिद्धार्थनगर, भैरहवा

विभिन्न फूलहरूको सामूहिक रूपलाई नै हामी उद्यानको संज्ञा दिन्छौं । एउटा फूल फूल भएर फुल्नको लागि त्यस फूललाई विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । यस्तै प्रकारले संस्कृति पनि एउटा यस्तो उद्यान हो जहाँ फूलरूपी विभिन्न चलनहरू रहेका हुन्छन् । मगर जातिको बढी मनोरञ्जन गर्ने विशेषता भएकाले नै यिनीहरूको संस्कृतिमा विभिन्न नाचहरू गाउने र नाच्ने चलन चली आएको छ । मुख्य रूपमा यिनीहरुको नाचगान दुई प्रकारका छन् । परम्परा देखि गाउँदै आएको गित र आधुनिक गीत । परम्परा देखि नै गाईदै नाचिदै आउने गित नाचलाई नै हामी लोक संस्कृति वा लोकको ढुकढुकी भनेर चिन्दछौं । परम्पराको गीत नाचद्वारा नै आ-आफ्ना जातिका संस्कृतिको परिचय दिन सक्दछौं । जसरी ब्राम्हण जातिले पूजाआजामा भजन कृतन गाउने गर्छन् त्यसरी नै मगर गुरूङ्गले पनि घाँटु नचरी गान बजान र नाच गर्दै आएको पाईन्छ । मगर गुरूङ्गका वस्तीहरूमा परम्परा देखि आज सम्म एउटा जिउँदो संस्कृतिको रूपमा यी दुई नाचलाई लिन सक्दछौं। यी दुई नाचको संक्षिप्त चिनारी यस प्रकार छन् ।

घाँटु:- घाँटु नाच युवतीहरू नाच्ने परम्परा देखि नाचिदै आएको नाच हो। यस नाचमा युवतीहरू नाच्छन् । यी नाच्ने युवतीहरूलाई "घाँटुवारे" भनेर भनिन्छ । घाँटुबारेहरू गीतको हाव भाउमा आँखा चिम्लिदै नाच्छन् । गीत गाउने मूलत: बुढी आईमाईहरू हुन्छन् ती मध्ये एक गुरू हुन्छ जसको पछि पछि अरू गुरूआमा-हरूले स्वरमा स्वर मिलाउँदं गाउछन् । घाँटुबारेहरूलाई सिगार्ने रेखदेख गर्ने एक एक घांटुबारेहरूको आ-आफ्नै सुसारे हुन्छन् ती सुसारेहरूलाई सोठोर्मी भनिन्छ । घाँटुबारेहरूको भाईहरु छन् भने त्यसलाई मैंया राख्दछ यदि छैन भने भाई पर्नेहरूलाई 'मैंया राख्दछन् । यसरी घाँटु नाचमा घाँटुबारे सोठोर्मी, गुरुआमा मैंया समावेश भएका हुन्छन् ।

घाँटु गितमा राजाहरूको पराक्रम, साहस, बहादुरी आदिको बयान गरिएको हुन्छ । यस घाँटुको शुरुवात हुनु भन्दा पहिले पनि सती जाने प्रथा थियो भन्ने कुरा स्पष्ट हुन्छ तर यो कुन शताब्दीमा शुरू भएको हो त भन्ने विषयमा भने अस्पष्ट नै छ । चैतको चतुर्थी, पञ्चमी, दशमी जस्ता तिथि पारेर यस नाचको



म सच्चा बहादुर त्यसलाई भन्दछु जसले ध्वन्सात्मक प्रतिशोध गर्दैन । — गान्धी

शुरूवात गरिन्छ । वैशाखी पूर्णिमाको दिन धार दिने (धुरा चढाउने) पनि गरिन्छ । फेरी पञ्चमी दशमी पारेर नै घाँटु नाचलाई सेलाइन्छ । घाँटु जोर बिजोर नाच्छन् । घाँटुबारे मध्ये जुन सबै भन्दा सानी छ उसलाई राजा मानिन्छ र अरु सबै रानी । राजा लडाई जानु पर्छ लड़ाई गर्दा राजाको मृत्यु हुन पुग्दछ र सबै रानीहरु सति जान्छिन् । यसरी राजाको जीवनीको कथाबस्तु भएको घाँटु नाच निकै रोचक र रहस्यमय छ । यस नाचमा राजारानीहरु फूलका माला, धानका लावा, चलेक चोलो, मखमलको च्यादर, बिभिन्न सुनका गहनाहरूले सजिसजाउ भएर नाच्ने गर्दछन् । नाच्दा काप्ने पनि गर्दछन् । यस नाच नाच्ने घाँटुबारे काप्ने हुन्छ र उक्त काप्ने युवतीलाई गुरुआमाले गीत गाई गाई बसाल्ने गर्दछन् । यिनीहरू कहिले पिरकामा बसी नाच्छन् कहिले उभिएर त कहिले हिड्दै पनि नाच्ने गर्दछन् । राजाले पासा पनि खेल्छ र घोडा पनि डोऱ्याउने गर्छ । यसरी हेर्दा यो नाच अचम्मकै देखिन्छ । घाँटु नाच नाचे पछि घाँटुबार नाच्दै पैसा माग्दै हिड्छन् ।

घाँटु सेलाउने दिन राजालाई मरेको देखाईन्छ र सम्पूर्ण रानीहरुलाई लट्ठी पकडाई धनुषबाण भिराई एउटा चोखो ठाउँमा मन्दिर बनाई त्यहाँ तान्छन् । यहाँ जांदा घाँटुबारेहरू रुने गर्दछन् काप्ने गर्दछन् । यस दिन जोगीको भेष गरेर अनेकौं ब्यंग्य पनि गर्छन् । मुख्यत: यो नाच स्याङ्जाका विभिन्न ठाउँहरुमा अझै पनि जीवित छ ।

नचरी:— परम्परागत रुपमा नाच, गान, बजान गर्दै आईरहेको नाच नचरी पनि घाँटु जस्तै जिवित रहेको युवाहरु नाच्ने नाच हो । यस नाचमा पनि गीत गाउने गुरुवाहरु हुन्छन् । गुरुवाहरुमा पनि गीत झिक्ने एउटा गुरु हुन्छ र उसको पछाडि अरुले स्वरमा स्वर मिलाएर गाउने गर्छन् । गीतको झाउमाउमा नै मादलेहरुले मादलको तालमा ताल मिलाउँदै मादल बजाउछन् । युवा युवतीका भेष लगाएर मारुनी बन्दछन् । मारुनीको बीचमा एक बुसुङ्गे हुन्छ । बुसुङ्गेले कछाड़ स्टाकोट लगाउने गर्छन् । मारूनीले आईमाईले लगाउने लुगा गहनाहरु लगाउने गर्दछन् । यो नाचमा पनि कहिले बसेर नाच्छन् त कहिले उफ्री उफ्री नाच्छन् कहिले घुम्दै नाच्छन् । मारुनीलाई अगाडि पछाड़ि राखेर हात समाउदै पनि नाच्ने गर्छन् । यिनीहरुको पछाडि पछाड़ि मादले पनि नाच्ने गर्छन् । मादल बजाउँदा लामाहरु काप्दै आउँछन् र मादलकै तालमा मादलेले थमाउने काम गर्छ यसलाई सरस्वती आएको भनेर भनिन्छ ।

मुख्य रुपमा यस नाचका गीतमा पहिलेका मानिसहरूका विभिन्न चाल चलन र रहन सहनका बारेमा वर्णन गर्नुका साथै पहिलेका राजा रजौटाहरू विदेश भ्रमणमा पनि जान्थे भन्ने कुरा दर्शाएको हुन्छ । यो नाच मुख्यतः दशैं देखि शुरू गर्छन् । यो नाच विबाह नाच, वर्तबन्ध, लाहुरेहरू विदेशबाट आउदा विशेष चाड़पर्वमा नचाईन्छ । नचरी नाच पनि एउटा रहस्यमय र मनोरञ्जनात्मक नाच बन्न पुगेको छ । स्याङ्जा, तनहुं, कास्की पाल्पा, गुल्मी आदि ठाउँमा यो नाच परम्पराको रूपमै नाच्दै आएको पाईन्छ ।

ओहोरा:— मगर जातिहरू बढी मनोरञ्जन गर्न मन पराउँछन् । जसरी शहरी क्षेत्रमा पिकनिक खेलिन्छ, त्यस्तै मगर गुरूङ्गहरूको बस्तीमा पनि गाउँलेहरू मिलेर एक ठाउँमा भेला भई रक्सी, रोटी भात मासु आदि खाने गर्दछन् । यसरी मिलेर खानुलाई नै 'ओहोरा' भनिन्छ । ओहोरा विभिन्न तरिकाले खाने गरिन्छ । घाँटु नचरींमा जम्मा भएको पैसाले जाँड राखी मासु काटेर रोटी पोलेर खाने गर्दछन् । यस्तै रूपमा वर्षायाममा ओहोरे खेल्ला (ओहोरा खाने भनेर बेच्ने श्रम) बेचेर पुस माघमा उठाइने ओहोरा खाने गर्दछन् । मुख्य रूपमा ओहोरा पुसमा खाईन्छ । पुसको पनि पुसेपन्द्रलाई विशेष रूपमा जोड दिन्छन् । ओहोरा खाँदा गाउँ देखि वरपर गाउँका मानिसहरूलाई पनि बोलाउँछन् यसरी खान आउने मानिस दाता भनेर भनिन्छ । दाता पनि दुई किसिमको हुन्छ । रक्सी खाने र नखाने । यी दुवैलाई पैसा अलग अलग दिने गर्दछन् । ओहोरा खाँदा तीन दिन चार दिनसम्म गाउँदै खाँदै नाच्दै बस्दछन् । मुख्य रुपमा ओहोरामा झ्याउरे सालैजो, यानिमाया, सनिमाया जस्ता गीतहरू गाएर रात कटाउँछन् । दाताहरूबाट सङ्कलन हुन आएको पैसा दामासाहीरूपले सबै ओहोरा परिवारले बाँडेर लिन्छन् ।

Gyawat(Prakash), Magar Bidhyarthi Sangh, Bhairahawa, Baisakh 2050